

HIMALAYAN DISTILLERY LTD.

# हिमालयन डिष्टिलरी लिमिटेड
## १४औं वार्षिक प्रतिवेदन
## २०७०/०७१



www.himalayandistillery.com




# संचालक समिति



श्रीमती मारग्रेट टि. जे. शाह
अध्यक्ष



श्री नरेन्द्र कुमार बस्न्यात्
संचालक



श्री राज बहादुर शाह
प्रबन्ध संचालक



श्री अखिलेश्वर प्रसाद सिंह
संचालक



श्री विनोद श्रेष्ठ
संचालक



श्री परिमल झा
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री शंकर राज पाण्डे
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री सान्टु श्रेष्ठ
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री प्रकाशमणी घिमिरे
स्वतन्त्र संचालक

हिमालयन डिष्टिलरी लिमिटेड
लिपनी विर्ता गा. वि. स. ७, पर्सा, नेपाल
फोन नं. ०५१–६२०२२३

आदरणीय शेयरधनी महानुभावहरु,

## विषय : चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कम्पनीको मिति २०७१ साल आश्विन ३ गते शुक्रवार वसेको संचालक समितीको निर्णयानुसार कम्पनीको चौधौं वार्षिक साधारण सभा देहायको विषयहरुमा छलफल गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ ।

### छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७०/०७१ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

३. आ.व.२०७१/०७२ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने । (गत वर्ष नियुक्ती हुनु भएका लेखा परीक्षक एन.अमात्य एण्ड कम्पनी पुनः नियुक्तीका लागि योग्य रहनु भएको)

४. संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई प्रति शेयर १०.५२ % (दश दशमल वाउन्न प्रतिशत) (नगद लाभांस भुक्तानीमा लाग्ने कर समेत) नगद लाभांस वितरण गर्न स्विकृत गर्ने ।

५. डिष्टिलर्स रिसर्च सेन्टर प्रा.लि.र उक्त कम्पनीका संचालक संग गरेको आर्थिक कारोवारलाई अनुमादेन गर्ने ।

६. कम्पनीको नियमावलीको नियम ६ को देहाय क, ख र ग मा स्वतन्त्र संचालक सम्वन्धी व्यवस्था थप गर्न विषेश प्रस्ताव पारित गर्ने ।

७. आ.व.२०७१।०७२ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पुर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

८. विविध ।

**मिति** : आईतवार, ३० कार्तिक २०७१ (तदनुसार १६ नोभेम्वर, सन् २०१४)
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, पर्सा ।
**समय** : विहान ठिक १०:०० बजे ।



## साधारण सभा सम्बन्धि जानकारी :

१. मिति २०७१/७/२४ गते देखि २०७१/७/३० सम्म कम्पनीको शेयरवालाहरुको दाखिल खारेज किताब बन्द गरिनेछ । कम्पनीले घोषणा गरेका नगद लाभांस पाउन कम्पनीको शेयरधनी दर्ता कितावमा मिति २०७१/७/२३ गते सम्म दर्ता भई कायम भएका शेयरधनीहरु मात्र योग्य हुने छन ।

२. कम्पनीको आ.व.२०७०/०७१ को वार्षिक प्रतिवेदनहरु, प्रोक्सी फाराम, प्रवेश–पत्र समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हुलाक मार्फत पठाउने व्यवस्था मिलाइएको छ । कारणवश कसैलाई प्राप्त नभएको भए कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनि विर्ता ७ पर्साबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी उक्त प्रतिवेदनहरु प्राप्त गर्न सक्नु हुनेछ ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले प्रवेश–पत्र वा शेयर प्रमाण पत्र र नेपाल सरकारबाट जारी भएको फोटो टासिएको कुनै प्रमाण ल्याउनु हुन अनुरोध गरिन्छ ।

४. सभा हुने दिन सभा शुरु हुनको लागि तोकिएको समय भन्दा पहिले उपस्थित भई दिनु हुन जानकारी गराईन्छ ।

५. उपस्थित पुस्तिका सभा हुने दिन विहान ७:०० बजे देखि विहानको १०:०० बजे सम्म खुला गरिनेछ । त्यस पछि पूर्ण रुपमा बन्द गरिनेछ ।

६. नावालक वा बिक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सक्नेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित आधिकारीक ब्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनिलाई मात्र गर्नु पर्नेछ ।

८. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा सो नियुक्ति पत्र कम्पनीको साधारण सभा हुनु भन्दा ९६ घण्टा अगाबै प्रतिनिधि पत्र (प्रोक्सी) फारम कम्पनी समक्ष दर्ता गरि सक्नु पर्नेछ । सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि दर्ता गरि सके पछि सो लाई बदर गरि अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहेमा सो को सूचना ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय पर्सामा दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन । सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ ।

९. बिविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

१०. सभामा आफ्नो मन्तब्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा एक एक गरि पालो पालो मन्तब्य वा जिज्ञासा व्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ ।

११. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिईनेछ ।

१२. सभा सम्बन्धी अन्य केही बुझ्नु परेमा कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनि विर्ता ७ पर्सामा कम्पनी सचिवसंग कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले,
कम्पनी सचिव

श्री संचालक समिति,
हिमालयन डिष्टिलरी लिमिटेड ।

## बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

...................................... जिल्ला ..................................... न. पा. / गा.वि.स. वडा नं .......... बस्ने म/हामी ............................... ..........................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७१ साल कार्तिक ३० गते आईतवारका दिन हुने चौधौं वार्षिक साधारण सभामा म स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ......................................जिल्ला .....................................न. पा / गा.वि.स ........................वडा नं ..........बस्ने त्यस कम्पनीका शेयरवाला श्री ...........................................शेयर प्रमाण पत्र नं.......................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको हस्ताक्षरको नमुना :

.....................................................................................

निवेदक,
हस्ताक्षर :
नाम:
ठेगाना :
शेयर प्रमाण पत्र नं. :
कि.नं..................देखि ................सम्म ।
मिति :

**नोट :** यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय लिपनि विर्ता –७ पर्सा मा पेश गरि सक्नुपर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।

(कृपया यहां काट्नु होला) (कृपया यहां काट्नु होला)

हिमालयन डिष्टिलरी लिमिटेडको चौधौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

## प्रवेश–पत्र

शेयरधनीको नाम .......................................................................................

शेयरधनीको सही .................................... प्र.प.न. ..............शेयर संख्या नं ................देखि ............... सम्म जम्मा ..................थान ।

हिमालयन डिष्टिलरी लि. को मिति २०७१/७/३० गते आईतवारका दिन हुने चौधौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

..................................
(कम्पनी सचिव)

द्रष्टब्य : शेयरवाला आफैंले खाली कोष्ट भर्नुहोला ।
(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।

# हिमालयन डिष्टिलरी लिमिटेडको चौधौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

## श्री आदरणीय कम्पनीका शेयरधनी महानुभावहरु,

यस हिमालयन डिष्टिलरी लिमिटेडको चौधौं बार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पुर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितीको तर्फबाट म हार्दिक स्वागत गर्दछु। यस अवसरमा म २०७१ साल असाढ मसान्तको कम्पनीको वासलात, आर्थिक वर्ष २०७०।०७१ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य सम्पुर्ण वित्तीय विवरणहरु सभाको स्विकृतका लागि प्रस्तुत गर्दछु। यस सम्मानित सभामा म संचालक समितिको तर्फबाट कम्पनीको गत वर्षको कार्यको समिक्षा तथा भावी कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १. आर्थिक वर्ष २०७०/०७१ को कारोबारको सिंहावलोकन :

आर्थिक वर्ष २०७०/०७१ मा कम्पनीले गरेको कारोबारको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ।

| विवरण | साधारण सभामा पेश भई सभाबाट स्वीकृत प्रक्षेपित आ.ब. २०७०/७१ को नाफा नोक्सान बिवरण | आ.ब.२०७०/७१ को बास्तविक नाफा नोक्सान विवरण |
|---|---|---|
| विक्री | १,२२,१७,०२,३९० | १,५३,०५,०८,७१८ |
| कुल संचालन खर्च | ८६,७४,६४,५१० | ९९,८१,२५,६४२ |
| व्याज तथा ह्रास कट्टी/अपलेखन पूर्वको नाफा | १७,१४,३९,९८० | २८,००,००,०६६ |
| व्याज पुर्वको नाफा | १४,४२, ५६,८९० | २३,९२,९४,५४२ |
| आयकर व्यवस्था पुर्वको नाफा | १३,७०,३१,८९० | २२,४६,७१,५०६ |
| आयकर पछिको नाफा | ८,६३,३०,०९१ | १३,०६,७९,२८८ |

कामदार कर्मचारीका अथक प्रयास एवं कम्पनी व्यवस्थापनको उच्च लगनशिलता र कडा मेहनतका कारणबाट कम्पनीको तेश्रो, चौथौं, पांचौं, छैठौं र सातौं वार्षिक साधारण सभाले प्रक्षेपित गरेको भन्दा वढि मुनाफा आर्जन हुंदा यस वर्ष कम्पनीले रु. १३,०६,७९,२८८/– आर्जन गर्न सफल भएकोछ। उक्त नाफाबाट कम्पनीका सम्पुर्ण पूर्व संचालन खर्च, विगतका वर्षहरुमा भएको संचित नोक्सानीको पूर्ण रुपमा कट्टा भएको सहर्ष जानकारी गराउन चाहन्छु।

## २. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट कम्पनीको कारोवारलाई परेको असर :

क. विदेशबाट स्प्रिट आयत खुला गरिएको कारण कम्पनीले उत्पादन गरेको स्प्रिट कारोबारमा असर पर्न गएको छ।

ख. नेपाल बिद्युत प्राधिकरणले सप्लाई गर्ने बिद्युत सप्लाईमा अनपेक्षिक रुपमा निरन्तर कटौति, लोड सेडिङ्ग आदिका कारण बाट कम्पनीको उत्पादन लागतमा प्रत्यक्ष असर परेको छ।

ग. उद्योगको लागि आवश्यक पर्ने केहि कच्चा पदार्थ विदेशबाट आयत गनु पर्ने हुनाले विदेशी मुद्रा सटही दरमा यस वर्ष निकै बृद्धिका कारणले पनि कम्पनीको उत्पादन लागतमा बृद्धि भएको छ।

घ. विभिन्न ब्राण्डका विदेशी मदिराहरु नेपालमा भारी मात्रामा भित्रीदा स्वदेशी मदिरा उत्पादक कम्पनीको कारोवारमा प्रत्यक्ष प्रभाव परेकोछ। यसको प्रत्यक्ष असर राष्ट्रिय राजश्व असुली तथा उद्योगको आर्थिक क्षेत्रमा नै गंभिर रुपमा नकारात्मक असर पर्ने देखिन्छ।

ङ. मदिरा विक्री वितरणको क्षेत्र, समयमा सुरक्षाको प्रत्याभुतिमा अपेक्षा गरे जस्तो सुधार नआएकोले मदिरा जन्य वस्तुहरु बिक्रि वितरणमा प्रभाव पर्न गएकोछ।

च. हाल बजारमा सक्कली मदिराको बोतलमा विभिन्न किसिमका मदिराहरु भरी, नक्कल गरी कारोवार गर्न सकृय अवैध गिरोहका कारण मदिरा उपभोक्ता तथा मदिरा उत्पादक कम्पनीको भविश्य माथि ठूलो असर परेको छ । यसबाट नेपाल सरकारको राजश्व, उपभोक्ताको जन धनमा समेत गंभिर असर परेको देखिन्छ ।

## ३. प्रतिवेदनको मिति सम्म चालु वर्षको उपलब्धी र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा :

क. आर्थिक बर्ष २०७०/७१ को प्रथम दुई महिनाको तुलनामा आर्थिक बर्ष २०७१/०७२ को बिक्रि वितरणमा कमी देखा परेको तपसिलमा उल्लेखित विवरणले सावित गरेको छ ।

| अवधि | आ.ब. २०७०/७१ | आ.ब. २०७१/७२ |
|---|---|---|
| श्रावण देखि भाद्र मसान्त सम्म | १,९९,०८,७९२।०० | १,६४,७८,१९६।७५ |

ख. उत्पादन लागत र कम्पनीका अनावश्यक खर्चहरु कम गर्दै जानका लागि कम्पनीले विभिन्न उपायहरुको अवलम्वन गर्ने गरेको छ ।

ग. Continuous Distillation लाई निरन्तरता दिएकोले स्प्रिट उत्पादन गत वर्षको भन्दा यस वर्ष वढि भएको, उत्पादित स्प्रिटको गुणस्तर उच्च किसिमको प्राप्त भएको कारणले स्प्रिटको विक्री वितरण वढ्न गएकोछ । यस कार्यलाई आगामी वर्षमा पनि उच्च प्राथमिकतामा राखी कार्य गर्ने लक्ष्य लिएका छौ ।

घ. कम्पनीमा जडान भएको स्प्रिट प्लाण्ट, टर्वाईन, हस्क ब्वाईलर, ग्रेन हयाण्डलिङ्ग युनिट आदि साथै कम्पनीले जडान तथा संचालन गर्ने भनी कार्य गरि रहेको डि.डि.जि.यस. प्लाण्टको सम्वन्धमा आवश्यक सुधारका लागि विदेशी परामर्शदाताबाट प्राविधिक अध्ययन कार्य सम्पन्न गरेका छौं । यसवाट कम्पनीले दीर्घकालिन लाभको अपेक्षा राखेको छ ।

ङ. कम्पनीले उत्पादन गरेको ४० यु.पि. शक्तीको अफिर्सस च्वाईस ब्राण्डको मदिरा यस वर्षको असाढ मसान्त देखि उत्पादन तथा विक्री वितरण बन्द गरी सो ब्राण्डको सट्टामा गोल्डेन ओक नामक मदिरा कारखानाबाट उत्पादन गरि विक्री वितरण गर्ने लक्ष्यका साथ कार्य अघि वढेको छ ।

च. कम्पनीले विदेशी कम्पनीसंग सम्झौता सम्पन्न गरि सम्वन्धित निकायबाट स्विकृत प्राप्त गरेको Blenders Pride नामक उच्च गुणस्तरको मदिराको उत्पादन तथा विक्री वितरण यसै आर्थिक वर्षमा शुरु गरेको छ । तसर्थ यसको विक्री वितरणको कार्यलाई अझ प्रभावकारी वनाउनका लागि विदेशी कम्पनीका प्रतिनिधिहरु र यस कम्पनी व्यवस्थापन वीच सहकार्य गरी यसलाई नेपाली बजारमा सफल ब्राण्डको रुपमा पहिचान गराउने लक्ष्य लिएका छौं ।

छ. कारखानामा काम गर्ने कामदार र कर्मचारीहरुको कार्य कुशलता र कार्यगत एकता कायम गर्नका लागि आवश्यक्तानुसार तालिम, सेमिनार, भेला, बनभोज जस्ता कार्यक्रम गर्दै आएका छौं ।

## ४. औद्योगिक र व्यवसायीक सम्वन्धमा :

क. कम्पनीको आर्थिक अवस्थामा सुधार भएकाले बैंक तथा वित्तीय संस्थाहरु संगको सम्वन्ध आगामी दिनहरुमा अझ सुदृढ हुने विश्वास लिएका छौं ।

ख. कम्पनीले Blenders Pride र Red Russian जस्ता नयां उत्पादनलाई यसै वर्ष देखि उपभोक्ता सामु ल्याएको छ । यसबाट कम्पनीको Product हरुको बजार हिस्सामा बृद्धि हुने अपेक्षा राखेका छौं ।

ग. कम्पनीको लागी आवश्यक कच्चा पदार्थहरु आपुर्ति गर्ने स्थानीय तथा विदेशी सप्लायर्सहरु संगको सम्वन्धमा गत वर्षको तुलनामा अझ सुदृढ र सुधार हुने अपेक्षा लिएका छौं ।

घ. कारखाना स्थललाई अझ वढि वातावरण मैत्री बनाउनका लागि Decanter, Geo-Membrance, ETP जस्ता परियोजनाहरुलाई अत्याधुनिक तरिकाले संचालनमा ल्याउन लागेका छौं ।

ङ. यसै गरी गत वर्षहरु जस्तै यस वर्ष पनि वातावरण तथा समाज प्रतिको उत्तरदायित्वलाई कम्पनीले प्राथमिकतामा राखेको छ । यसका लागि कम्पनीले विभिन्न स्थानीय क्लवहरु, सामाजिक संस्था तथा धार्मिक संस्थाहरुसंग मिली सहकार्य गर्दै आएको छ र यसलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिन कम्पनी प्रयासरत रहने छ ।



## ५. संचालक समितिमा भएको हेरफेर र त्यसको कारण :

कम्पनीको मिति २०७० आश्विन १६ गते भएको विषेश वार्षिक साधारण सभाबाट गठन भएको संचालक समितीमा केहि परिवर्तन भएको छैन । सोही सभामा कायम रहेको संचालक समितिले नै हाल सम्म निरन्तरता पाएको अवगत गराईन्छ ।

## ६. कारोवारलाई असर पार्ने मुख्य कुराहरु :

क. मदिरा तथा स्प्रिट खुल्ला रुपमा आयत हुनु ।

ख. अबैध तथा नक्कली मदिरा नियन्त्रणमा सकारात्मक प्रभाव नदेखिनु ।

ग. मदिराजन्य वस्तुको होडिङ्ग वोर्ड तथा विद्युतीय प्रचार प्रसारमा रोक लगाउनु ।

घ. तयारी मदिराको विक्री वितरणको सुरक्षात्मक व्यवस्था खुकुलो हुनु ।

ङ. कारखाना संचालनमा आवश्यक पर्ने विद्युत सप्लाईमा निरन्तरता नहुनु ।

च. कच्चा पदार्थ लगायत सहायक कच्चा पदार्थको मुल्य बृद्धि तथा कृतिम अभाव हुनु ।

छ. प्रतिष्पर्धात्मक बजार हुनु ।

ट. मदिरा प्रशासन सम्वन्धि व्यवस्था समय सापेक्ष नहुनु ।

ठ. देशमा मदिरा उत्पादन गर्ने उद्योगको स्थापना चाहिदो भन्दा बढि हुनु ।

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सो मा प्रतिकृया :

लेखा परीक्षणमा कुनै कैफियत नरहेकाले कुनै पनि प्रतिकृया नभएको ब्यहोरा अनुरोध छ ।

## ८. नगद लाभांस बाडँफाड गर्न सिफारिस गरिएको प्रतिशत :

कम्पनीले केहि वर्ष अगाडि देखि मुनाफा गर्न सफल भएता पनि कम्पनी ऐन २०६३ को उल्लेखित प्रावधान पुरा गर्न नसकेकाले मुनाफा वाँडफाँड सिफारिस गर्न सकेको थिएन । तर यस आ.व. २०७०।०७१ मा उल्लेखित ऐनको प्रावधान बमोजिम कम्पनीले सम्पुर्ण पूर्व संचालन खर्च, नियमानुसार ह्रास कट्टी गर्नु पर्ने रकम, विगतका वर्षहरुमा भएको संचित नोक्सानीको पूर्ण रुपमा कट्टा गर्न सफल भई गत वर्षको साधारण सभामा प्रतिवद्धता दिए अनुसार यस वर्ष आर्जन गरेको खुद मुनाफाबाट प्रति शेयर १०.५२ % (दश दशमलव वाउन्न प्रातिशत) (लाभांस भुक्तानीमा लाग्ने कर समेत) नगद लाभांस दिन सिफारिस गरेको छ । कम्पनी संचालक समितिले गरेको उक्त सिफारिस तपाईहरुबाट अनुमोदन हुने आशा राखेका छौं ।

लामो समय सम्म शेयरधनीहरुले देखाउनु भएको सदासयता, धैर्यताको कम्पनी संचालक समिति हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

अन्त्यमा शेयरधनी महानुभावहरुबाट कम्पनीलाई सहयोग प्राप्त भईरहने आशा एवं विश्वास व्यक्त गर्दै कम्पनीलाई सहयोग पुऱ्याउनु हुने नेपाल सरकार का विभिन्न निकायका कर्मचारीहरु, कम्पनीका कामदार कर्मचारीहरु, सप्लायर्सहरु, वितरकहरु, उपभोक्ताहरु, शेयरधनीहरु र शुभ चिन्तक लगायतका सम्पूर्ण महानुभावहरुलाई संचालक समिति तथा मेरो आफ्नै तर्फबाट हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्न चाहन्छु ।

संचालक समितिको तर्फबाट
श्रीमती मारग्रेट टि.जे.शाह
अध्यक्ष

## कम्पनी ऐन २०६३ को दफा १०९ को उप दफा ४ अनुसारको अतिरिक्त बिवरण : (आर्थिक बर्ष २०७०/७१)

### १. शेयर जफत सम्बन्धि बिवरण :

यस आर्थिक बर्षमा कुनै पनि कम्पनीका शेयरहरु जफत भएका छैनन ।

### २. कम्पनी र सहायक कम्पनी बिचको कारोबार :

यस कम्पनीको कुनै सहायक कम्पनीहरु नभएको र कारोवार समेत भएको छैन ।

### ३. कम्पनीका आधारभुत शेयरधनिहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :

यस्तो कुनै जानकारी प्राप्त हुन आएको छैन ।

### ४. विगत आर्थिक बर्षमा कम्पनीका संचालक र पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको बिवरण :

यस वर्ष कम्पनीको संस्थापक शेयरधनी श्री प्रज्ञराज राजभण्डारीको नाममा दर्ता कायम भएको ५९,००० थान शेयर र अर्का संस्थापक श्री खुम बहादुर राना क्षत्रीका नाममा दर्ता कायम भएको १००० (एक हजार) थान शेयर कम्पनी कै संस्थापक शेयरधनी श्री मेजेष्टिक भेन्चर्स प्रा.लि.ले खरिद गरेको छ ।

### ५. कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ बारे उपलब्ध गराईएको जानकारीको व्यहोरा :

यस अवधिमा त्यस्तो कुनै सम्झौता भएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

### ६. बाई ब्याक गरिएका शेयरको बिवरण :

कम्पनीले आफ्ना शेयरहरु आफैले वाई ब्याक खरिद गरेको छैन ।

### ७. आन्तरीक नियन्त्रण व्यवस्था :

कम्पनीको आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको छ। आन्तरीक नियन्त्रण व्यवस्थामा अवलम्बन गरिएका मुख्य प्रकृयाहरु निम्नानुसार रहेका छन ।

क. मजवुत आन्तरीक लेखा परीक्षण, निरिक्षण र नियन्त्रण प्रणाली अपनाईएको छ ।

ख. कम्पनीको आन्तरीक लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्य त्रैमासिक रुपमा नियमित भई रहेको, निजहरुले दिएको प्रतिवेनदलाई लेखा समिती तथा संचालक समितिमा पेश गरि छलफल गरिने र प्राप्त निर्देशन बमोजिम कार्य गरिरहेका छौं ।

ग. वार्षिक लक्ष्यलाई प्राथमिकता साथ हेरी सो अनुसार कार्य भए नभएको सम्बन्धमा तुलनात्मक अध्यन गर्ने गरिएको छ ।

घ. उत्पादन तथा बिक्रि वितरणमा प्रत्यक्ष नियन्त्रण तथा अनुगमनका लागी नेपाल सरकार, आन्तरीक राजश्व कार्यालयबाट पूर्णकालीन कर्मचारी खटाई प्रत्यक्ष नियन्त्रण एवं अनुगमन गर्ने गरिएको छ ।

ङ. कामदार तथा कर्मचारीको हितका लागि भैपरि आउने दुर्घटनाबाट कसरी बच्ने, बचाउन सम्बन्धि तालिम, काम गर्दा कसरी सुरक्षित रहन सकिन्छ भन्ने तालिम, स्वस्थमा प्रत्यक्ष असर नपरोस भनी आवश्यक सर समानहरु उपलब्ध गराउने व्यवस्था र वातावरण मैत्री बनाउने कोसिस गरिएको छ। साप्ताहिक रुपमा कारखाना व्यवस्थापन र कम्पनी व्यवस्थापन वीच वैठक राखी भए गरेका कार्यको विवरण, आएका समस्याहरुको निराकरणको लागि पहल भए बाट कारखाना र सम्पर्क कार्यालयको नियमित गतिविधी बुझ्न सजिलो भएको छ ।



च. कम्पनीले सामाजिक उत्तरदायित्व बहन गर्नका लागि विभिन्न क्लव, शैक्षिक संस्था, धार्मिक संस्था जस्ता संस्था संग समन्वयन गरी यथासंम्भव सहयोग गरि रहेका छौं ।

### ८. समिक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च :

| बिवरण | २०७०/७१ |
|---|---|
| कर्मचारी खर्च | ३,९३,२४,४१० |
| कार्यालय संचालन खर्च | ५,३५,६८,०६३ |
| जम्मा व्यवस्थापन खर्च | ९,२८,९२,४७३ |

### ९. लेखा परीक्षण समितिको सदस्यहरुको नामावली, पारश्रमिक भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको बिवरण र समितिले दिएको सुझावको बिवरण :

क. लेखा परीक्षण समितिका सदस्यहरुको नामावली : लेखा परिक्षण समितीमा निम्नानुसारका सदस्यहरु रहनु भएको छ ।

१. श्री अखिलेश्वर प्रसाद सिंह

२. श्री सान्टु श्रेष्ठ

३. श्री शंकर राज पाण्डे

४. श्री नरेन्द्र कुमार वस्न्यात्

५. श्री प्रकाशमणी घिमिरे

ख. लेखा समितिको सदस्यहरुलाई रु.५०००/- (कर सहित) बैठक भत्ताको व्यवस्था गरिएको छ ।

ग. समितिले गरेको काम कारवाहिको बिवरण :

१. प्रत्येक त्रैमासिक अवधिको लेखा विवरणहरु आन्तरिक लेखा परीक्षकबाट लेखा परीक्षण गराई निजले दिएको लेखा प्रतिवेदनमा जनाएका कैफियत अनुसार समिक्षा गर्ने र सो अनुसार कम्पनी व्यवस्थापनलाई सुधार गर्न गराउन निर्देशन दिने गरेको ।

२. कम्पनीको आर्थिक अवस्था, अन्य अवस्थाहरुको जानकारी र सुधार गर्ने उद्धेश्यले त्रैमासिक रुपमा नियमित आन्तरीक लेखा परीक्षण कार्य गर्न निर्देशन दिएको ।

३. कम्पनीको लेखा समितिको सिफारिस अनुसार आन्तरीक लेखा परीक्षक नियुक्ती गरिएको ।

४. लेखा परीक्षक नियुक्तिका लागी सिफारीस गर्ने लगायत कम्पनीको लेखा सम्बन्धि बिषयमा राय सल्लाह र सुझावहरु लेखा समितिले गर्ने गरेको ।

५. कम्पनीको अलेखापरिक्षित वासलात, नाफा नोक्सान हिसाव, वास्तविक नाफा नोक्सानको तुलनात्मक हिसाव, वास्तविक खर्चहरुको विवरण, बिक्रि परिमाण र मुल्य, लक्ष्य र बिक्रिको तुलनात्मक विवरण सहितको बिवरणहरु माग गरी समिक्षा गर्ने कार्य गरेको ।

६. कम्पनीको वार्षिक बिक्री लक्ष्य, आम्दानी तथा खर्च आदिको समिक्षा गरी कम्पनी व्यवस्थापनलाई आवश्यक सुधारका लागि निर्देशन दिने गरेको ।

७. कम्पनीको वार्षिक अनुमानित बजेट स्विकृतको लागि संचालक समितिमा सिफारिस गर्ने गरेको ।

## १०. संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, अधारभुत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकि भए सो कुरा :

कुनै रकम बुझाउन बाँकि नदेखिएको ।

## ११. संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :

| बिवरण | आ.ब. २०७०/७१ |
|---|---|
| राज बहादुर शाह (प्रवन्ध संचालक) | रु. ३३,५६,८२३।२४ |
| पंकजराज श्रेष्ठ (प्रमूख कार्यकारी अधिकृत) | रु.२९,६९,८६०.।६७ |
| रमेश श्रेष्ठ (प्रमूख संचालन अधिकृत) | रु.२७,२७,९६३।२५ |
| सतिस कु. कर्ण (वित्त प्रमुख) | रु.२५,६९,२५५।९० |
| अन्य पदाधिकारीहरु | रु.२,८६,३८,२३८।५४ |

## १२. शेयरधनीहरुले बुझि लिन बाकि रहेको लाभांशको रकम :

यस भन्दा पहिले कम्पनीका शेयरधनीहरुलाई लाभांस वितरण गर्न नसकिएकोले लगानीकर्ता शेयरधनीहरुले बुझि लिन बाँकी लाभांस नभएको ।



# हिमालयन डिष्टिलरी लिमिटेड

## शेयरधनी महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

### वित्तीय विवरण माथिको प्रतिवेदन

हामीले हिमालयन डिष्टिलरी लिमिटेडको यसैसाथ संलग्न वित्तिय विवरणहरु २०७१/३/३२ (१६ जूलाई २०१४) को वासलात र सोही मितिमा समाप्त बर्षको विस्तृत आय विवरण, पुंजीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरणका साथै अपनाइएका मुख्य मुख्य लेखा निति अन्य विश्लेशण युक्त जानकारी, समावेश छ , को लेखापरीक्षण गऱ्यौं ।

### वित्तीय विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व

नेपाल लेखापरीक्षण मान् अनुसार वित्तीय विवरणहरु उपयुक्त तरिकाले तयार गरी सारभुत रुपमा ठिकसित प्रस्तुतीकरण गर्नु व्यवस्थापनको उत्तर दायित्व हो र जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा समाबेश आंकडा गलत नहोस भन्ने हेतु व्यवस्थापनबाट आन्तरिक नियन्त्रणको आवश्यक व्यवस्था गर्नु पर्दछ ।

### लेखापरीक्षकको उत्तरदायित्व

लेखापरीक्षकको नाताले हाम्रो उत्तरदायित्व वित्तीय विवरण प्रति आफ्नो मन्तव्य जाहेर गर्ने हो । हामीले नेपाल लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । उक्त लेखामान्बाट तोकेको आचारसंहिता पालना गर्दै वित्तीय विवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तीय विवरणका आंकडा तथा खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाण प्राप्त गर्ने विधी लेखापरीक्षणमा अपनाएको हुन्छ । लेखापरीक्षकले अपनाउने विधीको चुनाव लेखापरीक्षकको फैशलामा निर्भर गर्दछ र सोही विधीको आधारमा लेखापरीक्षकले जालसाजी वा गल्तीको जोखिमबाट सारभुतरुपमा वित्तीय विवरणका आंकडाहरु गल्ती रहित छ भन्ने ब्यहोरा निर्धारण गर्दछ । उल्लेखित जोखिम निर्धारण गर्दा कम्पनीको वित्तीय विवरणको तयारी र खुलाईएका विवरण सम्बन्धमा अपनाएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधी तयार गर्दछ । तर यसले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कती प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागी हुने छैन । कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्तको उपयूक्तता व्यवस्थापनले गरेको वित्तीय अनुमानको औचित्यताका साथै वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितीको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

### मन्तव्य

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले सोहीसाथ संलग्न लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरुका साथै अध्ययन गर्दा २०७१ आषाढ ३२ गतेको वित्तीय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक बर्षको संचालन नतिजा र नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट जारी नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार र कम्पनी ऐन २०६३ को निर्देशन अनुसार ठिकसंग तयार गरिएका छन् ।

### अन्य कानुनी तथा नियमनकारीको आवश्यकता माथिको प्रतिवेदन

माथि उल्लेखित ब्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीलाई प्राप्त सुचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौ ।

क. हामीले लेखापरीक्षणको लागी आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरणहरु यथा सिघ्र पायौ ।

ख. हाम्रो विचारमा कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानून अनुसार ठिकसंग राखेको छ ।

ग. यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनीले राखेको लेखासंग दुरुस्त रहेका छन् र यी विवरणहरु कम्पनी ऐन २०६३ बमोजिम तयार भएका छन् ।

घ. कम्पनीले गरेको कारोवार त्यसको अख्तियारी भित्र रहेको र यी कारोवार सन्तोषजनक रुपमा भएको देखिन्छ ।

ङ. कम्पनीको संचालक समिति वा कुनै संचालक वा कम्पनीको कुनै कर्मचारीले लेखा सम्बन्धि कुनै ऐन कानून बिरुद्ध काम गरेको वा कम्पनीलाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।

द
सिए. मनिष अमात्य
पार्टनर
नि. एन.अमात्य एण्ड कम्पनी
चार्टड एकाउन्टेन्टस्
मिति : २०७१ । ०६ । ०३
स्थान : काठमाण्डौ

## हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

### २०७१ साल आषाढ ३२ (जुलाई १६, २०१४) को वासलात

| विवरण | अनुसूची | २०७०।७१ (रु.) | २०६९।७० (रु.) |
|---|---|---|---|
| पुंजी तथा दायित्व | | | |
| शेयर पुंजी | १ | ३८,५६,४५,५०० | ३८,५६,४५,५०० |
| संचित नाफा | | २७,६५,९८९ | (८,७३,१९,०३६) |
| सुरक्षित ऋण | २ | ६,७३,०४,५१२ | ९९७,२८५ |
| डेफर्ड कर दायित्व | | ४,६४,३५,८२६ | ४,८०,८५,७१७ |
| **जम्मा** | | **५०,२१,५१,८२७** | **३४,७४,०९,४६६** |
| सम्पति | | | |
| स्थिर सम्पति | ३ | | |
| स्थिर सम्पतिको परल मुल्य | | ८२,४७,४९,२७६ | ८०,६३,७९,०८२ |
| न्यूनः संचित ह्रास तथा ह्रास कट्टी | | (३४,१६,२२,०२९) | (३०,६४,१६,८७१) |
| **खुद स्थिर सम्पति** | | **४८,३१,२७,२४७** | **४९,९९,६२,२११** |
| पुंजीगत कार्य प्रगती | | १४,१६,८१,१२२ | ३,४७,२०,१३३ |
| चालु सम्पति | | | |
| नगद तथा बैंक मौज्दात | ४ | २०,९६,८२९ | ६८,५२,९३९ |
| जिन्सी मौज्दात | ५ | २२,३८,७२,७२९ | १३,४२,१६,०९४ |
| आसामी तथा अन्य प्राप्त हुन बाँकी | | १७,७५,३६४ | ७९,३७,५३२ |
| अग्रिम भूक्तानी, पेश्की तथा धरौटी | ६ | ९,३९,८२,०९६ | ७,९१,०५,४५१ |
| **जम्मा चालु सम्पति** | | **३२,१७,२७,०१८** | **२२,८१,१२,०१६** |
| न्यून : चालू दायित्व एवं व्यवस्था | | | |
| छोटो अबधिको ऋण | ७ | १९,६२,७८,०९८ | १४,२२,३८,१४८ |
| बिबिध साहुहरु | | ७,१६,९८,३१३ | ८,१७,५६,८५३ |
| ग्राहकहरुबाट अग्रिम भूक्तानी तथा भूक्तानी दिन बांकी | ८ | ५,५४,०९,४५६ | १६,३३,४१,४०९ |
| ब्यवस्था | ९ | १२,४१,४२,३२५ | ३,५२,०६,४५७ |
| **जम्मा चालु दायित्व एवं ब्यवस्था** | | **४४,७५,२८,१९२** | **४२,२५,४२,८६७** |
| **खुद चालु सम्पति** | | **(१२,५८,०१,१७४)** | **(१९,४४,३०,८५१)** |
| विविध खर्च | १० | ३१,४४,६३२ | ७१,५७,९७३ |
| **जम्मा** | | **५०,२१,५१,८२७** | **३४,७४,०९,४६६** |
| सम्भाब्य दायित्व | ११ | १,२८,२०,८५६ | १,२८,२०,८५६ |
| महत्वपूर्ण लेखा नीति र टिप्पणीहरु | १७ | | |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| द | द | द | द |
|---|---|---|---|
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | सि.ए. मनिष अमात्य |
| मिति : २०७१-०६-०३ | | | साझेदार |
| काठमाडौं | | | एन. अमात्य एण्ड कम्पनी |
| | | | चार्टड एकाउण्टेण्टस् |



## हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

### २०७० श्रावण १ देखि २०७१ आषाढ ३२ (जुलाई १६, २०१३ देखि जुलाई १६, २०१४) सम्मको नाफा नोक्सान खाता

| विवरण | अनुसूची | २०७०।७१ (रु.) | २०६९।७० (रु.) |
|---|---|---|---|
| आम्दानी | | | |
| संचालन आय | १२ | १,५३,०५,०८,७१८ | १,१९,०९,२८,३६३ |
| न्यून : संचालन लागत | १३ | (९९,८१,२५,६४२) | (८२,४७,६१,७७९) |
| **कुल संचालन नाफा** | | **५३,२३,८३,०७६** | **३६,६१,६६,५८४** |
| अन्य आम्दानी | | ६६,१७,८७६ | १,२२,१९,९२० |
| सम्पत्ति बिक्री बाट भएको नाफा/(घाटा) | | (९,९८,२०९) | १,५०,६६,३०१ |
| बिक्री तथा वितरण खर्चहरु | | (१२,४९,३५,७०५) | (१६,७५,७३,३२६) |
| प्रशासनिक खर्चहरु | १४ १५ | (९,२८,९२,४७३) | (८,१६,८५,०१४) |
| बोनसको व्यवस्था | | (२,२४,६७,१५१) | (७७,९५,९५१) |
| आसामी तथा सापटीहरुको अपलेखन | | (४१,९७,८९३) | – |
| प्याकिङ्ग सामग्रीहरुको अपलेखन | | (१,३५,०९,४५५) | – |
| **ब्याज तथा ह्रास कट्टी /अपलेखन पूर्वको नाफा** | | **२८,००,००,०६६** | **१३,६३,९८,५१४** |
| ह्रास कट्टी तथा अपलेखन | ३ | (३,६६,९२,१८३) | (३,५१,६५,७९८) |
| अपलेखन (सारिएको खर्च) | | (४०,१३,३४१) | (६७,२७,५६७) |
| **ब्याज पुर्वको नाफा** | | **२३,९२,९४,५४२** | **९,४५,०५,१४९** |
| बित्तीय लागत | १६ | (१,४६,२३,०३६) | (१,६५,४५,६३९) |
| **आयकर तथा ब्यवस्था पुर्वको नाफा** | | **२२,४६,७१,५०६** | **७,७९,५९,५१०** |
| आयकरको ब्यवस्था | | | |
| चालु बर्षको कर | | (७,३८,००,७४२) | (२,५७,३६,२२५) |
| डेफर्ड कर | | १६,४९,८९१ | १७,११,२८३ |
| बिगत वर्षहरुको अतिरिक्त कर | | (२,१८,४१,३६७) | – |
| **आयकर पछिको नाफा** | | **१३,०६,७९,२८८** | **५,३९,३४,५६८** |
| गतवर्ष सम्मको संकलित नोक्सानी | | (८,७३,१९,०३६) | (१४,१२,५३,६०४) |
| बांडफांडको लागी मौज्दात | | ४,३३,६०,२५२ | (८,७३,१९,०३६) |
| लाभांश बितरणको लागी सिफारिस | | (४,०५,९४,२६३) | – |
| **बाँकी वासलातमा सारिएको** | | **२७,६५,९८९** | **(८,७३,१९,०३६)** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| द | द | द | द |
|---|---|---|---|
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | सि.ए. मनिष अमात्य |
| मिति : २०७१-०६-०३ | | | साझेदार |
| काठमाडौं | | | एन. अमात्य एण्ड कम्पनी |
| | | | चार्टड एकाउण्टेण्टस् |

## हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

### २०७० श्रावण १ देखि २०७१ आषाढ ३२ (जुलाई १६, २०१३ देखि जुलाई १६, २०१४) सम्मको नगद प्रवाह बिबरण

| विवरण | २०७०।७१ (रु.) | २०६९।७० (रु.) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| आयकर अघिको नाफा/(नोक्सान) | २२,४६,७१,५०६ | ७,७९,५९,५१० |
| (नाफा नोक्सान खाता अनुसार) | | |
| समायोजन: | | |
| ह्रास कट्टि तथा अपलेखन | ३,६६,९२,१८३ | ३,५१,६५,७९८ |
